# निशुल्क स्वास्थ्य शिविर कार्यक्रम सम्पन्न :

१०५औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर जिल्ला जनस्वाथ्य कार्यालय कन्चनपुर र नवजीवन अस्पतालको सहयोगमा यस संघको प्रोल्याप्स कार्यदलद्वारा तेश्रो चरणको कार्यक्रम अन्तर्गत नेपालको सुदरपश्चिम विकास क्षेत्रको कंचनपुर जिल्लाको बैलौरी श्रीपुर गाविस र कृष्णपुर गाविसमा २०१५ मार्च १० र ११ मा "आङ्ग झर्ने/युटेरस प्रोल्याप्स" निशुल्क स्वास्थ्य शिविर छनौट कार्यक्रम सम्पन्न भयो । यस शिविर क्याम्पमा करीव २०६ जना महिलाहरुको पाठेघरको निशुल्क स्वास्थय परिक्षण गरियो । ति मध्ये ४५ जना पाठेघरका समस्या भएका महिलाहरुको शल्यक्रियाको लागि चयन गरिएको र तीनिहरुको शल्यक्रिया धनगढीको नवजीवन अस्पतालमा गरिने भएको छ ।

सो निशुल्क स्वास्थ्य शिविर कार्यक्रममा आयोजना गरिएको एक औपचारिक कार्यक्रममा कंचनपुर जिल्लाको जनस्वाथ्य प्रमुख, नवजीवन अस्पतालका पदाधिकारीहरु, स्वास्थ्यकर्मीहरु, गैरआवासीय नेपाली संघका महिला संयोजक सपीला राजभण्डारी, महिला उपसंयोजक रजनी प्रधान, स्थानीय समूदाय र संचारकर्मीहरुको सहभागीता रहेको थियो । कार्यक्रममा महिला संयोजक राजभण्डारीले संघ र प्रोल्यापस कार्यदलले गरेका कार्यहरुबारे प्रकाश पार्नु भयो ।